ेति २०७७ साल कात्तिक २ गते आइतबारका दिन बेलबारी नगरपालिकामा स्थानीय सरकार ा ऐन २०७४ को दफा ११ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानीय तह विचको साझा तथा साझेदारीका विषयमा अन्तर स्थानीय तह संयुक्त समन्वय समितिको बैठक बेलबारी लकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदी ज्यू को संयोजकत्वमा तपशिल बमोजिमका स्थानीय प्रमुख, उपप्रमुख लगातको उपस्थितिमा बैठक बस्यो ।

त

| पद | नाम | संस्था | हस्ताक्षर |
|---|---|---|---|
| नगर प्रमुख | श्री ज्ञानेन्द्र सुवेदी | बेलबारी नगरपालिका | |
| नगर प्रमुख | श्री दिलिप कुमार अग्रवाल | रंगेली नगरपालिका | |
| अध्यक्ष | श्री तारा बहादुर काफ्ले | कानेपोखरी गाँउपालिका | |
| प्र.प्र.अ. | श्री प्रदिप साह | बेलबारी नगरपालिका | |
| अधिकृत स्तर सातौ | श्री महेन्द्र खड्का | बेलबारी नगरपालिका | |
| स.क.अ | श्री दिनेश खड्का | बेलबारी नगरपालिका | |

तावहरु

१. चिसाङ खोलाको प्रारम्भिक IEE सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं १ – चालु आव २०७७।०७८ का लागि बेलबारी नगरपालिका, कानेपोखरी गाँउपालिका र रंगेली नगरपालिकाको क्षेत्रमा रहेको चिसाङ खोला सबै पालिकाको सिमाको रुपमा रहेकोले ढुङ्गा, गिटि, बालुबा, भरोट तथा दहत्तर बहत्तर संकलन तथा बिक्री शुल्क असुली कार्यका लागि चिसाङ खोलाको नहर उत्तरको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) अध्ययन गर्न नित्य श्री डेभ्लोपर्स प्रा.लि. हरिहरभवन पुलचोक ललितपुरले र चिसाङ खोलाको नहर दक्षिणको क्ले इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि काठमाण्डौं कार्यादेश पाएकोमा उक्त फर्म / कम्पनीले मिति २०७७।०७।२ मा पेश गरेको IEE को प्रारम्भिक मस्यौदा प्रतिवेदन माथि छलफल गरि थप सुधारका लागि आवश्यक सुझाव प्रदान गरियो ।

आज मिति २०७७ कार्तिक २० गते बिहीबार बेलबारी नगरपालिकामा स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को (ठ) ४ मा भएको व्यवस्था अनुसार स्थानिय तहबिचको साझा सरोकार तथा साझेदारी विषयमा अन्तर स्थानीय तह संयुक्त समन्वय समिति बैठक बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्युको संयोजकत्वमा तपसिल बमोजिमका स्थानीय तहका नगर प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष लगायतको उपस्थितिमा बैठक बस्यो ।

**तपशिल**

| | |
|---|---|
| श्री ज्ञानेन्द्र सुवदी | नगर प्रमुख, बेलबारी नगरपालिका |
| श्री दिलिप कुमार अग्रवाल | नगर प्रमुख, रंगेली नगरपालिका |
| श्री तारा बहादुर काफ्ले | अध्यक्ष, कानेपोखरी गाउँपालिका |
| श्री प्रदिप शाह | प्रमुख प्रशासकीय अधिकृत, बेलबारी नगरपालिका |
| श्री गायत्र श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत, कानेपोखरी गाउँपालिका |
| श्री महेन्द्र खड्का | अधिकृत सातौं, बेलबारी नगरपालिका |
| श्री कृष्ण न्यौपाने | एम.आई.एस. अपरेटर, बेलबारी नगरपालिका |

**प्रस्तावहरु**

१. **चिसाङ खोलाको IEE प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं. १ – आ.व. २०७७।०७८ को चिसाङ खोलाको नहर माथिल्लो भागको संयुक्त प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन अनुसार बेलबारी नगरपालिका र कानेपोखरी गाँउपालिकाको जम्मा १,६९,७७४.७२ घनमिटर मिक्सगिटी मध्ये दुवै पालिकाको बराबर परिमाण देखिएको, यसका साथै चिसाङ खोलाको नहर दक्षिण तर्फको भागको कानेपोखरी गाउँपालिकाको १२,०४७ घनमिटर मिक्सगिटी र रंगेली नगरपालिकाको २७,०१४ घनमिटर भरौट परिमाण भएकोले आ-आफ्नो पालिकाले कार्यपालिकाको बैठकमा अनुमोदन गरि IEE प्रतिवेदन स्विकृतको आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।